सुदूरपश्चिम प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

म.प. बैठक संख्या २५७/०८३ को बैठकको निर्णय

संवत् २०८३ साल असोज ०६ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को २५७औं बैठकको निर्णय निम्नानुसार रहेको छ —

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-

- नेपाल सरकारको निर्णयानुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश वा अन्तर्गत कामकाजमा खटाइनुभएका नेपाल प्रशासन सेवा, रा.प. प्रथम श्रेणीका प्रदेश सचिव श्री संगीता ओझालाई सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीमा रिक्त रहेको प्रदेश सचिव पदमा र नेपाल ईन्जिनियरिङ्ग सेवा, सिभिल ईन्जिनियरिङ्ग समूह, रा.प.प्रथम श्रेणीका प्रदेश सचिव श्री पदम राज देवकोटालाई भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीमा रिक्त रहेको प्रदेश सचिव पदमा पदस्थापन गरी कामकाजमा खटाउने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश